स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'भष्मे डन'ले अभिनेता सौगात मल्लको पात्र लुक्स सार्वजनिक गरेको छ । पोस्टरमा उनी टाउकोमा फेटा बाँधेको र आक्रोशित मुडमा प्रस्तुत छन् । पशुपति क्षेत्रमा छायांकन हुने क्रममा निर्माताले सौगातको यो लुक्स यसअघि नै सार्वजनिक गरिसकेका थिए । दर्शकका लागि यो लुक्स नयाँ नभए पनि यसले फिल्मको प्रवर्द्धन अभियानमा माहोल सिर्जना गर्ने अपेक्षा छ । दीपेन्द्र के खनाल निर्देशित यो फिल्ममा सौगात खलनायक चरित्रमा देखिएको अनुमान गरिएको छ ।

आजको विचार...



उत्पादन...
(दुई पेजमा)

पुरुषोत्तम ओझा



अभिनेत्री वर्षा सिवाकोटीको पनि गत वर्ष विवाहको केही महिनामै डिभोर्सको खबर बाहिरियो, जुन अप्रत्यासित थियो । यसपछि उनी लामो समय सार्वजनिक कार्यक्रम र मिडियाबाट टाढा रहिन् । तर, कलाकार भएपछि सार्वजनिक जीवनबाट टाढा बस्न सम्भव हुँदैन । त्यसैले वर्षा पनि अगाडि आउन थालेकी छन् । उनको नयाँ फिल्म 'परदेशी २' असोज २६ गतेबाट प्रदर्शनमा आउँदैछ । यो फिल्मको काठमाडौं केन्द्रित प्रचार उनैले सम्हालिरहेकी छन् । तर, मिडियामा फिल्मको प्रचारभन्दा उनको डिभोर्सको बढी चर्चा भैरहेको छ । उनले पनि डिभोर्सबारे निर्धक्क कुरा राखिरहेकी छन् ।

❑ वर्ष २९ ❑ अंक ७५ ❑ २०८० असोज १३ गते शनिबार 30 September 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### विष्फोटमा परी ५२ को मृत्यु, ५४ घाइते



**(रासस/एएनआई)** ——

**इस्लामावाद,** असोज १२/ पाकिस्तानको बलुचिस्तान प्रान्तको दक्षिणपश्चिमी मास्तुङ जिल्लामा शुक्रबार बिहान भएको विष्फोटमा परी कम्तीमा ५२ जनाको मृत्यु भएको छ भने अन्य ५० जनाभन्दा बढी घाइते भएका प्रहरीले जनाएको छ ।

इद मिलादुन नबी मनाउन मानिसहरू भेला भएको मस्जिद नजिकै उक्त विस्फोट भएको जनाउँदै प्रहरीले घाइतेहरूको बलुचिस्तान र क्वेटाका अस्पतालमा उपचार भइरहेको जनाएको छ । विष्फोटमा एक जना प्रहरी अधिकारीले पनि ज्यान गुमाएका छन् । बलुचिस्तानका प्रान्तीय अधिकारीहरूले आतङ्कवादीहरूले उक्त विष्फोट गराएका बताउँदै त्यसको निन्दा गरेका छन् । साथै उनीहरूले मृतकको संख्या बढ्नसक्ने बताएका छन् । पैगम्बर मोहम्मदको जन्मदिन मनाउन भेला भएका भक्तजनलाई लक्ष्य गरी विष्फोट गराइएको बताउँदै गृह मन्त्रालयले छानबिन आयोग गठन गरेको छ ।

मास्तुङ जिल्लाका सहायक आयुक्तले यथाशक्य चाँडो छानबिन प्रतिवेदन पेश गर्न आग्रह गरिएको बताउनुभएको छ । क्वेटा र बलुचिस्तानका अस्पतालमा आपत्कालीन अवस्था घोषणा गरेका उपचारको व्यवस्था गरिएको छ । अहिलेसम्म विष्फोटको जिम्मेवारी कुनै समूहले लिएको छैन ।

# सरकार–शिक्षक पाँच बुँदे सहमति

## आन्दोलन फिर्ता

**हाम्रा संवदादाता** ——

**पाल्पा,** असोज १२/असोज ३ गतेदेखि राजधानीलाई अस्तव्यस्त बनाइरहेका शिक्षक सरकारसँग सहमति गरी विद्यालय फर्किएका छन् । असोज ५ गते भएको नेपाल शिक्षक महासंघसँगको सहमतिमा असन्तुष्ट भई लगातार सडक आन्दोलन गर्दै आएका राहत शिक्षकहरु शुक्रबार सरकारसँग ५ बुँदे सहमतिसँगै आन्दोलन फिर्ता गरेका हुन् ।

सिंहदरबारस्थित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा राहत तथा बालविकास शिक्षकहरुबीच सहमति भएको हो । सरकार र महासंघबीच असोज ५ गते भएको सहमतिमा राहत, अनुदान कोटामा कार्यरत शिक्षकको सीमित प्रतिस्पर्धासम्बन्धी व्यवस्थालाई एक पटकका लागि आन्तरिकतर्फ ७५ प्रतिशत कायम गर्ने उल्लेख थियो । सरकारले ल्याएको विधेयकमा ५० प्रतिशत भनिएको छ । ७५ प्रतिशत बनाउने सहमतिप्रति असहमति जनाउँदै राहत शिक्षकहरुले आन्दोलन जारी राखेका थिए । आन्दोलनरत शिक्षकहरुले शुक्रबारबाट आन्दोलन रोकेर विद्यालयमा जाने र अब आन्दोलनभन्दा पनि विधेयक संशोधनका लागि लबिइङ आवश्यक रहेको बताएका छन् । शिक्षामन्त्री अशोक राईले आन्दोलनरत राहत शिक्षकहरूको माग संसदीय प्रक्रियाबाट पूरा गरिने बताए । 'सबै शिक्षकहरू सहमतिमा आउनुभएको छ । शिक्षा मन्त्रालयको जिम्मेवारी थपिएको छ । शिक्षक सँग भएका सम्झौताहरू संसदमा प्रस्तुत गरेर संसदीय प्रक्रियामार्फत् छुटेका विषयहरूलाई समावेश गर्नेछौं,' सहमतिपछि मन्त्री राईले भने । विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको



विधेयकमा रहेको विधेयकको दफा ४३ को उपदफा (८) मा भएको पचाँस प्रतिशत सेवा जोड्ने व्यवस्थालाई शत प्रतिशत बनाउनु पर्ने र दफा ४४ को उपदफा (३) मा रहेको पचाँस प्रतिशत आन्तरीक प्रतिष्पर्धा सम्बन्धी व्यवस्थालाई शत प्रतिशत कायम गर्नु पर्ने र दफा ४४ को उपदफा (५) लाई स्पष्ट पार्नु पर्ने सहमति भएको छ । राहत शिक्षकको रुपमा दुर्गम क्षेत्रमा कार्यरत शिक्षकलाई दुर्गम भत्ता उपलब्ध गराउनु पर्ने र राहत शिक्षकलाई विरामी विदाको व्यवस्था गरी सोको अभिलेख राष्ट्रिय किताव खाना (शिक्षकमा) पठाउने व्यवस्था गर्नु पर्ने ,विगतमा अस्थायी दरवन्दीमा कार्यरत भई सो पश्चात राहत शिक्षकमा कार्यरत रहनु भएकालाई विगतको अस्थायी सेवा अवधि जोड्ने व्यवस्था गर्नु पर्ने, उक्त व्यवस्था सबै किसिमका राहत (बहिरा, अन्य किसिमका अपाङ्गता भएका शिक्षक, गुरुकुल, मदरसा, गुम्बा) शिक्षकलाई समावेश गर्ने, शिक्षक सेवा आयोगबाट लिइने आन्तरिक प्रतिष्पर्धा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी गर्ने, प्रतिष्पर्धामा उमेर हद कायम नगर्ने जस्ता विषयमा सहमति भएको हो । सरकारले विद्यालय शिक्षा विधेयक संसद्मा दर्ता गराएपछि नेपाल शिक्षकहरु असोज ३ गतेदेखि विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिएका थिए तर यही असोज ५ गते भएको महासंघसँगको सहमतिमा भने असन्तुष्ट भई राहत शिक्षक समितिले लगातार सडक आन्दोलन गरेको थियो । सो दिनको सहमतिमा ७५ प्रतिशत राहत शिक्षकलाई आन्तरिक प्रतिस्पर्धामा समावेश गराउने जनाइएको थियो भने विधेयकमा ५० प्रतिशत प्रस्ताव गरिएको छ ।

# गैरे मोबाइलको सफलता : मोबाइल टार्गेटमा 'भेस्पा स्कुटर' पुरस्कार

**पाल्पा,** असोज १२/पाल्पाको तानसेनमा रहेर मोबाईल र ल्यापटपको विक्री वितरणसँगै मर्मत गर्दै आएको जिल्लाकै प्रतिष्ठित विक्रेता गैरे मोबाईल एण्ड ल्यापटप कियरले मोबाइल विक्रीमा सफलता हात पारेको छ । विगत ३५ वर्षदेखि तानसेनबाट सेवा दिदैं आएको गैरे मोबाइलले अनर मोबाइल विक्रीमा सफलता हासिल गरेको हो ।

अनरका लागि नेपालको आधिकारिक बिक्रेता सेल्ट्रोन नेपाल र लुम्बिनी प्रदेशको आधिकारिक विक्रेता मिस्टिक इनर्जीको 'अनर भेस्पा' योजनामा गैरे मोबाईलले शतप्रतिशत लक्ष्य हासिल गर्न सफल भएको छ । उसले कम्पनीले दिएको सेल्स टार्गेट पुरा गरी व्यवसायिक सफलता हासिल गरेको हो । गैरे मोबाइलले लक्ष्य उपलब्धी प्राप्त गरेका कारण कम्पनीबाट पुरस्कृत समेत भएको छ । उसलाई कम्पनीले टार्गेट मिट गरेको भन्दै पुरस्कार स्वरुप भेस्पा स्कुटर प्रदान गरेको छ । शुक्रबार सेल्ट्रोन नेपालका एसएम सरोज बस्नेत र मिस्टिक इनर्जीका ओनर शंकल्प श्रेष्ठले संयुक्त रुपमा गैरे मोबाइलका




सञ्चालक दुर्गा गैरेलाई स्कुटरको चाबी हस्तान्तरण गरेका छन् । उनीहरुले मोबाईल पसलमै आएर स्कुटरसहित चाबी हस्तान्तरण गरेका हुन् ।

कम्पनीले दिएको टार्गेट दुई महिनामै पुरा गरेकाले पुरस्कार स्वरुप स्कुटर प्रदान गरिएको सेल्ट्रोन नेपालका एसएम सरोज बस्नेत बताए । उनले भने 'गैरे मोबाइलले इमान्दारितापूर्वक कम्पनीको योजनालाई सफल बनाउन खेलेको भूमिका प्रशंसनिय रहेको छ, यस्ता विक्रेताहरुका कारण सेल्ट्रोन नेपालले राष्ट्रियस्तरमै छुट्टै पहिचान बनाउन सफल भएको छ । यसका लागि गैरे मोबाईलप्रति हार्दिक आभारसँगै बधाई दिन चाहन्छु ।' २०१३ मा स्थापित हनर स्मार्ट उपकरणहरूको एक अग्रणी विश्वव्यापी प्रदायक संस्था रहेको बस्नेतले बताए । 'विश्वव्यापी प्रतिष्ठित प्राविधिक ब्राण्ड बन्न, सबै परिदृश्य र च्यानलहरूमा आम ग्राकह वर्गका लागि स्मार्ट जीवन सक्षम पार्न प्रतिबद्ध छौं' उनले भने । आविष्कार, गुणस्तर र सेवामा रणनीतिक फोकसको साथै हनर विश्वभर आर एण्ड डी क्षमता र अग्रगामी टेक्नोलोजीहरू मार्फत बाहिर जानको लागि सशक्तिकरण गर्ने प्रविधिको विकास गर्न समेत आफुहरु समर्पित रहेको कम्पनीका एसएम बस्नेत बताए । कम्पनीले अनर योजना अन्तर्गत जुलाई र अगष्ट महिनामा गैरे मोबाईलले शतप्रतिशत टार्गेट पुरा गरेको मिस्टिक इनर्जीका ओनर शंकल्प श्रेष्ठले बताए । आफ्नो व्यवसायिक सफलतामा कम्पनीले पुरस्कृत गरेर थप उत्साह जगाएको गैरे मोबाइलका सञ्चालक दुर्गा गैरेले बताए । उनले अनर कम्पनीका मोबाइलहरुप्रति ग्राहकहरुको आकर्षण बढेको बताए । गैरेले भने 'अनर कम्पनीका जुन सुकै मोबाइलहरु भारतीय बजारमा भन्दा सस्तो र युरोपियन गुणस्तरका रहेकाले पनि ग्राकहरुको रोजाईमा पर्न सफल भएको हो, जसका कारण पनि हामीले कम्पनीको लक्ष्य प्राप्त गर्न सफल भएका हौं ।' विगत लामो समय हुलाकचोकबाट सेवा दिदै आएको गैरे मोबाईलले अहिले माछापुच्छे बैंक भएको आफ्नै सुविधा सम्पन्न घरबाट विक्री वितरण गर्दै आएको छ ।

## सुविधा सम्पन्न घर भाडामा

सुन्दर नगर तानसेनको कैलाशनगरस्थित ''होटल रानीमहल'' नजिकै हिमश्रृखलाको दृश्यावलोकन गर्न मिल्ने, गार्डेन र पार्किङ्गको समेत व्यवस्था भएको, एट्याच बाधरुम, तातो चिसो पानीको व्यवस्था भएको घर भाडामा छ ।

सरकारी, गैरसरकारी कार्यालय, होमस्टे, रेष्टुरेण्ट समेत सञ्चालन गर्न मिल्ने, कम्पाउण्ड भएको घर भाडामा लिन इच्छुक संघ, संस्था, व्यक्ति वा परिवारले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

*सम्पर्क नं : ९८४७५९७७७०*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सोह्रश्राद्धको सारतत्व

**धर्मशास्त्र तथा शास्त्रीय मान्यतामा चन्द्रमानको पात्रोअनुसार वर्षमा २४ पक्ष हुन्छन् । आश्विन कृष्णपक्षलाई पितृपक्ष वा सामान्य बोलीचालीको भाषामा सोह्रश्राद्ध भनिन्छ । यसलाई पार्वण श्राद्ध पनि भनिन्छ । जुन आजदेखि सुरु भएको छ । यसमा दिवंगत सबै पितृहरूको कल्याण उद्देश्य राखेर पिण्डदान गरिन्छ । प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्म गरिने सोह्र श्राद्ध अन्तर्गत पहिलो दिन आज प्रतिपदा तिथि श्राद्ध गरिन्छ । आजदेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्र तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्र श्राद्ध भनिएको हो । १६ दिनको यो पितृपक्षमा पितृको मृत्यु तिथीमा श्राद्ध गरेर बिदाई गरेपछि बल्ल दशैंको रौनकको औपचारिक रुपमा शुरुवात हुने गर्दछ । सोह्र श्राद्ध, पितृपक्ष, कगंत, जितीया, महालय पक्ष, पितृ पोखो आदि विभिन्न नामले यी पवित्र १६ दिनको पुकारा गरिन्छ ।**

**सूर्य कन्या राशीमा प्रवेश गर्दा यो पर्व हुन्छ भने कन्या राशीमा सूर्य सरेको बखत दिवंगत पितृहरूलाई पिण्डदान नगर्ने पुत्रहरू पापी हुन्, कृतध्न हुन् भनेर बताइएको छ । गृहस्थी भएर आश्विनको पितृपक्षमा श्राद्ध नगर्नेका लागि उसका धन र सम्पत्ति, बैभव एवं उसका सन्तति निरर्थक हुन्छन्, पितृहरूको श्वास–प्रश्वास रोकेर उनीहरूलाई हुने पीडाले परिवारको भरण पोषणमात्र खोज्नु राम्रो हुँदैन । यो १५ दिनको पक्षभित्र जहिले श्राद्ध गरे पनि हुन्छ किन्तु वावुको या नसके वाजेको तिथिमा लिइनु राम्रो मानिन्छ । सुतक, जुठो वा असर्धो समय परे एकादशी या औंसीमा गरिनुपर्छ । रोकिएकाले नगर्ने भन्ने होइन, यो १५ दिन नै रोकिएमा लक्ष्मीपूजाको औंसीमा गर्न पनि सकिन्छ । जुन पिता माताबाट हामीलाई यो शरीर मिल्यो, लालन पालन भयो मरेपछि उनीहरूका लागि कुनै विशेष सत्कार गर्न सकेनौं भने त्योभन्दा ठूलो कृतघ्नता अरू केही हुन सक्दैन । मातापिताको ऋण सय वर्ष भोग्न सयौं जन्मसम्म पनि तिर्न सकिँदैन । यसर्थ उनीहरूको नाममा दान गर्दा पितृहरुको आत्मा तृप्त हुने मान्यता रहेको छ ।**

## Opinion @ Social Network

जिन्दगीको पनि किस्ता किस्ता हिसाब किताब हुँदोरहेछ,
कहिले दुःखले, कहिले सुखले, कहिले हासोले कहिले आसुले चुक्ता गर्नुपर्ने ।
(***हेमा सिंजालीको फेसबुक स्टाटस*** https://www.facebook.com/hema.singjali)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उत्पादन वृद्धि र रोजगारी सिर्जनामा परेको गाँठो



**पुरुषोत्तम ओझा**

रोजगारी र अध्ययनका लागि विदेश जाने कुरा आम नेपाली युवा समुदायका बीच आकर्षणको विषय बन्दै गएको छ । विमानस्थलमा विदेशिनेको भीडलाई विगत केही वर्षयता विदेशिने युवाको तथ्याङ्कको ग्राफमा स्पष्ट देखिन्छ । नेपाल सरकारले विश्वका १११ मुलुकलाई संस्थागत रूपमा श्रम गन्तव्यको सूचीमा समावेश गरेको छ भने नेपालीहरू संस्थागत र निजी प्रयासमा १७८ मुलुकमा रोजगारीको लागि गएको सरकारी आँकडाले पुष्टि गर्दछ । यसरी श्रम गन्तव्य मुलुकमा कामको लागि जाने नेपालीको संख्या वर्षेनि बढ्दो छ । गत आव २०७९/८० मा मात्र श्रम स्वीकृति लिनेको संख्या अघिल्लो वर्षको तुलनामा ४० प्रतिशत बढी अर्थात् कुल ४ लाख ९७ हजार ७०४ जनाले यस्तो स्वीकृति लिएका छन् भने विप्रेषण आप्रवाह अघिल्लो वर्षको तुलनामा २१ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब २० अर्ब ५६ करोड पुगेको भन्ने राष्ट्र बैंकको प्रतिवेदनले उल्लेख गरेको छ ।

अध्ययनका लागि विदेश जानेको संख्या पनि बढ्दै गएको छ । गत वर्ष एक लाखभन्दा बढी विद्यार्थी विदेशमा अध्ययनका लागि गएका थिए । सो वर्षको कुल भ्रमण व्ययको झण्डै ७० प्रतिशत भन्दा बढी रकम अर्थात् १०० अर्ब ४२ करोड रुपैयाँ विदेशमा पढ्ने विद्यार्थीले लगेका थिए । यसरी रकम बाहिरिंदा नेपालको वस्तु व्यापारमा मात्र नभई सेवा व्यापारमा पनि घाटा बढ्दै जाने प्रवृत्ति देखिएको छ । मुलुकलाई आर्थिक दृष्टिकोणबाट आत्मनिर्भर तुल्याउने र रोजगारीको अवसर बढाउने भनी जतिसुकै ठूला योजना रणनीति तथा कार्यक्रमको कुरा गरेतापनि व्यवहारमा त्यस्ता नीति तथा कार्यक्रमले नतिजा दिन नसकेको स्पष्ट देखिदैछ । मुलुकको जनसंख्याको एउटा ठूलो हिस्सा त्यसमाथि ऊर्जाशील जनशक्ति किन मुलुक छोडेर गइरहेको छ भन्ने बारेमा गम्भीर रूपमा चिन्तन-मनन र छलफल गर्नुपर्ने वेला आइसकेको छ । यसरी जनशक्ति पलायन हुनुमा विकर्षण शक्ति (पुश फ्याक्टर) र आकर्षण शक्ति (पुल फ्याक्टर) दुवै उत्तिकै जिम्मेवार छन् । विकर्षणको कारण- मुलुक भित्र रहेका बेथिति, पदमा रहेकाहरूको गैर जिम्मेवारीपन, भ्रष्टाचार, नातावाद, कृपावाद एवम् मौलाइरहेको कुशासनको संस्कृतिलाई लिन सकिन्छ । मुलुकमा संघीयता लागु गरिएपछि गाउँ-गाउँमा सिंहदरबार पुग्छ भनियो । हुन पनि सिंहदरबारमा भएका विकृति, कसिंगर र नकारात्मक व्यवहार प्रदेश र पालिकामा सारिए । प्रदेश र पालिकाहरूले आम जनतासँग विभिन्न प्रकारका कर तथा महसुल धमाधम असुल गरिरहेका छन् । तथापि उठेको कर, दस्तुर, महसुल आर्थिक तथा सामाजिक विकासका कार्यमा उपयोग हुनुको सट्टा तलब, भत्ता, गाडी, इन्धन, घरभाडा, भ्रमण आदिमै खर्च भइरहेको पाइन्छ । अहिले वडा सदस्यदेखि माथिका सबै तहका पदाधिकारीहरूले लिएको तलब र अन्य सुविधा एवम् २०७२ को संविधानले सृजना गरेका नयाँ-नयाँ संस्थाको खर्चको लेखाजोखा गर्ने हो भने सरकारी राजस्वले धान्नै नसक्ने गरी साधारण खर्चमा अत्यधिक वृद्धि भएको छ । त्यसमाथि महालेखा परीक्षकको विगतका वार्षिक प्रतिवेदन हेर्दा केन्द्रको तुलनामा प्रदेश र पालिकाहरूमा ठूलो परिमाणमा आर्थिक अनियमितताका चाङ लागेको देख्न सकिन्छ । संघीयताका विषयमा चर्चा गर्दा प्रदेशको लागि गरिएको प्रबन्ध बढी मात्रामा खर्चिलो भएको र प्रादेशिक विकासका लागि प्रदेश सरकारहरू निष्प्रभावी भए भन्ने गुनासो जतातते सुन्न पाइन्छ । प्रदेशको संरचना एक प्रकारले राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई जागिर दिएर व्यवस्थापन गर्ने थलो मात्रै भयो भन्ने पनि आम बुझाइ रहेको छ । स्थानीय तहले जनताका दैनन्दिन समस्यामा ध्यान दिन्छन् भन्ने कुरालाई मान्ने हो भने पनि प्रदेश तहको संरचनाले आफ्नो उपस्थितिको औचित्य सावित गर्न सकेको पाइँदैन । लगभग केन्द्र सरकारकै ढाँचा अनुरूपकै सांगठनिक ढाँचा- प्रदेश सभा, मन्त्रिपरिषद, मन्त्रालय, विभाग, आयोग, कार्यालय, प्राधिकरण, सल्लाहकार र खडा गरिएका यावत् संयन्त्रको प्रशासनिक भार जनताले तिरेको कर राजस्वबाट व्यहोरिने नै भयो । कुनै पेशा वा व्यवसाय नगरिकनै राजनीति गरेकै भरमा सरकारी ढुकुटीबाट तलब भत्ता र अनेकन् सुविधा पाउने भएपछि विभिन्न पेशाका व्यक्ति पनि काम गर्न छाडेर राजनीति गर्ने र पार्टीको झोला बोक्ने काममा अग्रसर हुने नै भए । यो अवस्थामा आम जनमानसमा रहेको प्रदेशगत संरचना बारेको बुझाइलाई समेत स्पष्ट हुने गरी यस्तो संरचनाबाट अर्थतन्त्रमा पर्ने वा परेको असरका बारेमा गहन अनुसन्धान र विश्लेषण हुन जरुरी छ ।

अहिले शिक्षकहरूले स्थानीय तह मातहत बसेर काम गर्नुपर्ने परिस्थिति नहोस् भन्ने माग सहित आन्दोलन गरिरहेका छन् । हालै मात्र पालिकास्तरमा काम गरिरहेका दुई जना कृषि विकास अधिकृतले मसँगको भेटमा भलाकुसारी गर्दै गर्दा बडो मार्मिक ढंगमा आफूहरू लोकसेवा आयोग पास गरेको कारण जागिरको फन्दामा परेको बताए । आफूसँगै पढेका साथी लोकसेवाको पछि नलागी अमेरिकामा अध्ययन गर्न गएका र पीएचडीको उपाधि लिएर उतै जागिर र स्थायी बसोबासको व्यवस्था मिलाएका तर आफू भने जागिर गतिलो नभएको, जागिरेको प्रतिष्ठा पनि नरहेको र आर्थिक रूपबाट परिवार पाल्न पनि कठिन भएको भनेर गुनासो गर्न भ्याए । यो त एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो । पढेलेखेका कैयौं मानिस मुलुक बाहिर छन् भने कतिपय बाहिर जान नसकेकोमा दुखित देखिन्छन् । मुलुकभित्र विद्यमान विकृति, विसंगति, अवसरको कमी तथा भएका अवसरको पनि टाठाबाठाले हडप्ने कारणले गर्दा गरिखाने र मिहिनेत गर्ने वर्ग हतोत्साही भई पलायन हुने प्रवृत्ति बढ्दो छ । बाबुआमा पनि छोराछोरी विदेश जाओस् भन्ने मनसुवा राख्दछन् भने विद्यार्थी पनि १२ कक्षा उत्तीर्ण हुने बित्तिकै विदेश पढ्ने तयारीमा लागेका देखिन्छन् । स्वदेशमा हुने जागिरबाट घरजग्गा जोड्ने कुरा त परकै भयो बढ्दो महँगीमा सामान्य दिनचर्या धान्न पनि धौ-धौ पर्ने भएकोले विदेशमा पढ्ने, बस्ने र कमाउने कुराले प्राथमिकता पाउने नै भयो । यी त भए स्वदेशबाट पलायन हुने विकर्षणका कुरा । यस विषयको अर्को पाटोमा आकर्षणका विषय छन् । बीसौं शताब्दीको उत्तरार्धमा भूमण्डलीकरणको प्रक्रियाले गति लिएसँगै मुलुक-मुलुक बीच वस्तु व्यापार, सेवा व्यापार, सीमापार लगानी र मानिसहरूको आवागमनमा सबैजसो मुलुकले खुकुलो नीति अंगीकार गरे । स्वास्थ्य सेवाको चामत्कारिक विकासले गर्दा जापान, कोरिया, इजरायल र अन्य विकसित मुलुकहरूमा मानव आयु लम्बिँदै जाँदा बुढाबुढीको संख्या बढ्दै गयो भने आर्थिक रूपमा सक्रिय जनशक्तिको संख्यामा कमी आउन थाल्यो । यो कमीलाई पूरा गर्न त्यस्ता मुलुकले काम गर्ने अनुमति सहित खुकुलो भिसा नीति अवलम्बन गर्न थाले । सस्तोमा कम गर्ने कामदार उपलब्ध हुने भएकोले अमेरिका, बेलायत र अष्ट्रेलिया जस्ता मुलुकले आप्रवासन नीतिलाई खुकुलो बनाए ।

शिक्षित र उच्चतहमा प्रशिक्षित प्राविधिक जनशक्ति पनि आकर्षण गर्ने ती मुलुकहरूको प्राथमिकतामा रह्यो । खनिज तेल उत्पादन र बिक्री गर्ने मुलुकहरूले सन् २०७५ को तेल संकटबाट उत्पन्न परिस्थितिको फाइदा उठाई महँगो दरमा तेल बेच्ने मौका पाए । यसबाट उनीहरूको राजस्व संकलनमा व्यापक वृद्धि भयो । फलस्वरूप विकास तथा निर्माणका लागि ठूलो स्रोत जम्मा भयो । भौतिक पूर्वाधारका लागि चाहिने श्रमशक्ति उनीहरूसँग नभएकोले दक्षिणएशिया र दक्षिण पूर्वी एशियाली क्षेत्रका विपन्न मुलुकहरूबाट अदक्ष र अर्ध दक्ष कामदार लगिए र लगिँदै छन् । यसरी कामदार पठाउने मुलुकमा भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलंका, नेपाल, फिलिपिन्स, इन्डोनेशिया आदि पर्दछन् । बढ्दो श्रम आप्रवासनको कारण मुलुकको विप्रेषण आयमा वृद्धि भई तत्कालीन अवस्थामा विदेशी मुद्राको सञ्चितिमा सुधार भएतापनि जनशक्तिको पलायनको कारण मुलुकमा उत्पादनको अवस्था खुम्चँदै जाने, वस्तु तथा सेवाको कुल माग बढ्दै जाने र माग पूरा गर्न आयात दिन प्रतिदिन बढ्दै जाने कारणले गर्दा मुलुक नै श्रम आप्रवासन, विप्रेषण र आयात बीचको दुश्चक्रमा फस्दै गएको छ । विश्वका धनी एवम् तुलनात्मक रूपमा प्रति व्यक्ति आय बढी भएका मुलुकमा गरिब तथा कम आय भएका मुलुकबाट आर्थिक फाइदाका कारण हुने श्रम आप्रवासन रोक्ने कुरा त्यति सहज देखिँदैन । यस प्रकारको विषम परिस्थितिमा ठूलो युवा समुदायलाई मुलुकभित्रै सम्मानित रोजगारीको अवसर उपलब्ध गराउने विषय अत्यन्त पेचिलो र चुनौतीपूर्ण रहेको छ । हालैका वर्षहरूमा भूमण्डलीकरणको प्रक्रियामा केही शिथिलता देखा परेतापनि यो प्रक्रिया रोकिने छैन । यस अवस्थामा राज्यले संविधानमा रहेका कमी-कमजोरीलाई सच्याउँदै मुलुकको आर्थिक तथा सामाजिक विकासलाई गति दिन श्रम तथा रोजगार नीति, कृषि नीति, उद्योग तथा लगानी नीति, र पर्यटन नीति जस्ता आधारभूत नीतिको पुनरावलोकन गरी समसामयिक तुल्याउनुपर्दछ । वर्तमान संविधानले सृजना गरेका कतिपय अंग बोझिला र काममा पनि दोहोरोपन आउने गरी निष्प्रभावी देखिंदैछन् । कतिपय संविधानविद्ले संविधानमा सबैका मागलाई समावेश गर्दा ऊँटको आकार लिएको छ भनेर पनि आलोचना गर्दछन् । उदाहरणको लागि एउटा समावेशी आयोग बनाएपछि जात र थर पिच्छेका आयोग बनाउन किन पऱ्यो भनेर कसैले प्रष्ट्याएको पनि पाईँदैन । अहिले अधिकांश शिक्षक, कर्मचारी र सरकारी ओहोदाधारी व्यक्ति प्रदेश र स्थानीय तहमा रही काम गर्न इच्छुक देखिँदैनन् । यसको कारण के हो र समाधानका उपाय के हुनसक्छन् भन्ने बारेमा निर्मम ढंगबाट समीक्षा गरी विसंगत कुराहरूमा सुधार गर्न जरुरी देखिन्छ ।

मुलुक आर्थिक तथा सामाजिक प्रगतिको मार्गमा अगाडि बढ्न थालेमा मात्र युवा वर्गले आफ्नो भविष्य मुलुकभित्रै खोज्ने वातावरण बन्दछ । कृषिको आधुनिकीकरण, अनुकूल औद्योगिक वातावरण, सडक, रेलमार्ग, जलविद्युत् परियोजना, सुख्खा बन्दरगाह र पर्यटन पूर्वाधारको निर्माण, गुणस्तरीय शिक्षा, स्वास्थ्य र सूचनाप्रविधिसँग सम्बन्धित पूर्वाधार र व्यवसायको प्रवर्धन जस्ता विषयले उन्नत प्रकारको रोजगारी सृजना गर्न सहयोग पुऱ्याउने कुरा निर्विवाद छ । भ्रष्टाचारका घटनामा दोषीलाई निर्मम ढंगबाट कारबाही गरी भ्रष्टाचारजन्य कार्यलाई निरुत्साहित गर्ने, कानुन र विधिको शासनलाई प्रवर्धन गर्ने र सदाचारलाई प्रोत्साहन गर्ने कार्यमा राज्यले ध्यान पुऱ्याउन जरुरी छ । ठूला-ठूला परियोजना कार्यान्वयन गर्न र उद्योग स्थापनाका लागि सरकारी लगानीको अलावा स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानीको आवश्यकता पर्दछ । पूँजीगत खर्च बढाउन संरचनागत रूपमा नै व्यापक फेरबदल गरी अनुत्पादक खर्च कटौती गर्ने र पारदर्शिता, जवाफदेहिता र विधिको शासन जस्ता सुशासनका आधारभूत मान्यताको अनुसरण गरी लगानी आकर्षण हुने वातावरण बनाउन सकिएमा मात्रै मुलुकभित्रै रोजगारी सृजना गर्न सकिने र श्रम आप्रवासनलाई धेरै हदसम्म रोक्न सकिन्छ । मुलुकभित्र उत्पादन बढेपछि एकातिर आयात घट्दछ भने सँगै निर्यात व्यापार बढ्छ । मुलुकको लागि आगामी दिनहरू त्यति सजिला छैनन् । त्यसैले ओरालो लागेको अर्थतन्त्रलाई जोगाउने र मुलुकलाई प्रगतिपथमा अगाडि बढाउने हो भने अग्रगामी सुधारका लागि राजनीतिक दल लगायत सबै पक्ष गम्भीर बन्नै पर्दछ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरू किनारा लाग्नेछन्। प्रतिस्पर्धामा पनि विजयी भइनेछ। | **तुला** : आलस्य गर्दा अवसर गुम्न सक्छ। खर्चको मात्रा पनि बढ्ने देखिन्छ। |
| **बृष** :अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ। | **बृश्चिक** :लाभ हुने काम प्रारम्भ गर्ने समय छ। साझेदारीमा राम्रो फाइदा हुनेछ। |
| **मिथुन** :योजना गोप्य राखेर अघि बढ्नुहोला। काम बिग्रन सक्छ। | **धनु** :कामको सन्दर्भमा विशिष्ट व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। |
| **कर्कट** :अनुकूल समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। | **मकर** :जिम्मेवारी भने बढिरहनेछन्। बाध्यताले अप्ठ्यारोमा पार्न सक्छ। |
| **सिंह** : अरूको भरपर्दा काम रोकिन सक्छ। योजना कार्यान्वयन नहुन सक्छ। | **कुम्भ** :अप्ठ्यारोमा पनि काम बन्नेछन्। प्रयत्न गर्दा समयको सदुपयोग हुनेछ। |
| **कन्या** :पारिवारिक जमघटमा मन र माउनेछ। भेटघाटले नोक्सान हुनसक्छ। | **मीन** : व्यवसायमा लाभ हुनेछ। व्यावसाय विस्तारका लागि यात्रा पनि हुनेछ। |

# साहित्य दर्पण

कथा — विश्वराज अधिकारी

## म भ्रममा नै रहुँ

प्रमिलासँग फेसबुकमा म साथी भएको पाँच वर्ष भन्दा पनि बढी भइसकेको थियो । तर म उनीसँग साथी किन भएको भन्ने रहस्य खोलेको थिइन । मेरो न्युयोर्क देखि काठमाडौ सम्मको यात्राको उद्देश्य केवल प्रमिलालाई म उनीसँग फेसबुककमा साथी बन्नुको रहस्य खोल्नु थियो । म सन् २०१९ को मेमा काठमाडौ पुगेको थिएँ । मैले अध्यापन गर्ने कलेजमा एक महिनाको फल ब्रेक भएको थियो ।

मैले फेसबुकमा प्रमिलाको नाम सर्च गरें । प्रमिलालाई फ्रेन्ड रिक्वेस्ट पठाए पनि । उनले एसेप्ट गरेको नोटिफिकेसन तत्काल आयो । प्रमिलाको त्यो इमिडिएट रेस्पोन्सबाट मा निकै पुल्कित भएँ । यसरी म प्रमिलाको फेसबुक फ्रेन्ड हुन पुगेको थिएँ । प्रमिलासँग फेसबुकमा म साथी भएको पाँच वर्ष भन्दा पनि बढी भइसकेको थियो । तर म उनीसँग साथी किन भएको भन्ने रहस्य खोलेको थिइन । मेरो न्युयोर्क देखि काठमाडौ सम्मको यात्राको उद्देश्य केवल प्रमिलालाई म उनीसँग फेसबुककमा साथी बन्नुको रहस्य खोल्नु थियो । म सन् २०१९ को मेमा काठमाडौ पुगेको थिएँ । मैले अध्यापन गर्ने कलेजमा एक महिनाको फल ब्रेक भएको थियो । फेसबुकमा म प्रमिलासँग यति घनिष्ट भइसकेको थिएँ कि उनलाई मैले काठमाडौको नया सडक स्थित एक रेष्टुरेन्टमा दिउँसोको खाजा खान आउन आग्रह गर्दा उनी नआउने स्थिति थिएन । भयो पनि ठ्याक्कै त्यस्तै । २०१९, मे १९, आइतवारका दिन प्रमिला मैले आमन्त्रित गरेको रेष्टुरेन्टमा आइ पुगेकी थिन । हामीले औपचारिक कुरा गर्नु पर्ने स्थिति नै थिएन । केही सीमित विषय बाहेक हामी जुन विषयमा पनि खुलेर कुरा गर्न सक्ने स्थिति थियो । सीमित विषय के थियो त्यो जो कोहीले पनि अनुमान गर्न सक्थ्यो ।

कुराकानीको प्रारम्भ मैले नै गरे । "हामीले वर्षौसम्म फेसबुकमा कुरा गर्दा पनि एउटा कुरा तपाइँलाई भन्ने हिम्मत मैले गर्न सकेको थिन । अन्य विषयहरूमा नै बढी कुराहरू गरियो । विचार आदान प्रदान भयो । तर आज भने त्यो कुरा भन्ने विचार गरेको छु । विचार मात्र होइन, निश्चय नै गरेको छु ।" मैले हाँस्दै प्रमिलालाई भने अनि मेरो यो कुराले उनको मुहारमा कस्तो भाव ल्याउने हो थाहा पाउन उनको मुहारमा दृष्टिपात गरें पनि ।

"फेसबुकमा भन्न नसकेर भेटेर नै भन्नु पर्ने के कुरा होला ।" यो कुरा भन्दा प्रमिलाको मुहारमा केही गम्भीरताको छनक आएको थियो । वातावरण शान्त थियो । नियतवस नै मेलै त्यो रेष्टुरेन्टको एक त्यस्तो कुना खोजेको थिएँ, जहाँ शान्ति थियो । "म न अल्मलिएर एकै पटक विषयम प्रवेश गर्न चाहन्छु । म कलेजदेखि नै तपाइँसँग अति प्रेम गर्थ्ये । अहिले पनि त्येतिकै गर्छु । रत्ति भर पनि कमी आएको छैन । मैले तपाइँलाई प्रेम गरेको ४१ वर्ष भयो । यो ४१ वर्षमा बाग्मतीमा धेरै पानि बग्यो । धेरै किसिमका परिस्थितिहरू आए, गए । धेरै कुराहरूमा परिवर्तन आए । तर एउटा कुरामा कहिले परिवर्तन आएन । आउन सक्तैनन पनि । त्यो अपरिवर्तनीय छ । र त्यो अपरिवर्तनीय कुरा हो मैले तपाइँलाई अटुट प्रेम गर्नु ।" प्रमिलालले मेरो कुरा गम्भीरताका साथ सुनेझै मलाई लाग्यो । मैलै भने, "कलेज जीवनमा मैले यो कुरा तपाइँलाई भन्न सकिन । यसका लागि मआफूलाई नै कहिले माफ गर्न सक्ने स्थितिमा छैन । कलेज जीवनमा म निकै दब्बु प्रवृतिको थिएँ । र मलाई दब्बु मेरो पारिवारिक स्थितिले तुल्याएको थियो । सायद मैले यो कुरा तपाइँलाई भनको भए पनि त्यसबेला तपाइँको प्रतिक्रिया कस्तो हुने थियो, मलाई अनुमान पनि हुन सकेन ।" "तपाइँले फेसबुकमा नै देख्नु भएको होला । म विवाहित छु । मेरा नाति नातिनाहरू पनि छन् ।" प्रमिलाको यो भनाइले मलाई कुनै असर पारेन । मेरो लागि त्यो अपेक्षित थियो । "म पनि विवाहित हो । मेरा पनि नाती नातिनाहरू छन ।" मैले भने । अनि थपे पनि । "प्रेमको अर्थ सँगै बस्नु र शारिरीक सम्पर्क हुनु मात्र होइन । प्रेमको अर्थ कसैको मनमा नहल्लिने गरी बस्नु र कसैलाई त्यसैगरी बसाउनु पनि हो । तपाइँ नहल्लिने गरी मेरो मनमा बसेको कैयौ दसक भयो । कलेजको जमानामा तपाइँ मेरो मनको जुन स्थानमा हुनु हुन्थ्यो आज पनि त्येही स्थानमा हुनु हुन्छ । यस्तो स्थिति हुनु के प्रेम होइन ?" "प्रेम रेल जस्तो होइन जहिले पनि सरल रेखा र समतलमा मात्र गुड्ने । प्रेम केवल सरल रेखामा मात्र गमन गर्दैन । यो गमन गर्ने भूमि सम पनि हुन सक्छ, विषम पनि हुन सक्छ । अरूले बनाएको ऐन कानूनमा प्रेम चल्ने होइन, प्रेमले आफैले ऐन कानून बनाउँछ । प्रेम एक यस्तो प्रयोगशाला हो जहाँ प्रत्येक क्षण र प्रत्येक दिन नया नया प्रयोग हुन्छ । नया नया अविष्कार हुन्छ । नया नया चलनहरूको जन्म हुन्छ ।" "म प्रेम गर्छु । कोही मेरी प्रेमिका हुन र यसैगरी कोही मेरो प्रेमी हो भन्ने अटुट अनुभूति मात्र पनि प्रेम नै हो । एकले अर्कोलाई प्रेम गर्छ र त्यो पहिलोको अर्कोप्रति केवल एकहरो प्रेम मात्र हो, अर्कोले पहिलोलाई प्रेम गर्दैन भने पनि पहिलोको लागि त्यो प्रेम हो । उसले एकहरो प्रेम कसैलाई गरेता पनि, उसले कसलाई प्रेम गरेको त छ । अटुट रूपमा गरेको छ । त्यसैले त्यो पनि प्रेम नै हो ।" "अनि प्रेमको उत्कर्ष विवाह पनि होइन । विवाहितहरू अर्थात पत्नी र पति बीच प्रेम नहुन सक्छ । तर प्रेमीमा वा प्रेमीहरू बीच प्रेम हुन सक्छ । प्रेम एक भावना हो । यसको अस्तित्व फद्यमा हुन्छ । बरू विवाह एक भौतिक वस्तु हो ।"

मेरा पछिल्ला कुराहरूले प्रमिलालाई प्रभावित गरेको वा मेरा कुराहरू उनलाई अर्थपूर्ण लागेको मलाई लागेन । तर मेरो अन्दाज गलत हो भन्ने स्थिति पनि थिएन । उनले हाँस्दै भनिन्, "अमेरिकाको कलेजमा दर्शन पढाउनु हुन्छ कि क्या हो ?" "होइन, मारकेटिंग पढाउछु । आफ्नो समान कसरी बढी बढी भन्दा बढी बिक्री गरेर अत्यधिक मुनाफा कमाउन सकिन्छ भनेर वद्यार्थीहरू सिकाउँछु ।" मैले तत्काल उत्तर दिएँ । र केही बेर हाँसे पनि । र त्यसरी हाँस्दा मेरो मनका उकुस मुकुसहरू बाहिर आएको जस्तो भइरहेको थियो । "तपाइँले मलाई आफ्ना यी कुराहरू सुनाउनुको अर्थ के होला ?" प्रमिलाको यो प्रश्न पनि मेरो लाई अनेपक्षित थिएन । मैलै हाँस्दै भने, "मेरो अटुटट, चिर र निस्वार्थ यो प्रेमलाई स्वीकार गरि दिनु होस भन्ने मेरो तपाइँसँग आग्रह रहेको छ ।" प्रमिलाले भनिन् "म विवाहित छु भन्ने कुरा तपाइँलाई दोहर्याएर भन्नु पर्छ कि क्या हो ?" "पर्दैन ।" "अनि ?" वातावरण एक छिन शान्त रह्यो । हामी बीच कुनै कुराकानी भएन । प्रमिला घर फर्किने सुरसारमा रहेको मैले अनुमान गरे ।

"अब हामी चाँडै नै यो रेष्टुरेन्टबाट निस्कने छौ । तपाइँलाई पनि फर्किन हतार भए जस्तो छ ।" मैले भने । भन्ने क्रम जारि नै राखे, "मेरा दुई अनुरोधहरू छन्, प्रमिला जी । पहिलो, मलाई फेसबुकमा ब्लक नगर्नु होला, कृपया । दोस्रो, यसैगरी भेट्दै गर्नु होला, बेला बेलामा । म काठमाडौं आएको बेला मेरो आग्रह स्वीकार गरेर मलाई भेट्न आइदिनु होला । तपाइँले नै भेट्न बोलाए झनै बेस । अमेरिका आएको बेला मेरो घरतिर पनि आउनु होला । तपाइँले आफू बसेको ठाउँमा बोलाए पनि हुन्छ । म त्यहाँ पनि पुग्न सक्छु । म न्युयोर्क र तपाइँको बसाइ क्यालिफोर्निया भएपनि म आइ पुग्ने छु । निश्चय मान्नु होस् ।" "तपाइँसँग केवल भेट मात्र पनि बेला बेलामा भइ रहे मलाई यो लाग्ने छ कि म र तपाइँ बीचमा गहिरो प्रेम छ । यो प्रेमले जीवन पाएको छ । कहिले काँहि भ्रमले पनि आनन्द दिन्छ । बाँच्ने हौसला बढाउँछ । तपाइँसँग मेरो प्रेम छ भन्ने भ्रम नै सही तर त्यो भ्रमले मलाई म तपाइँको प्रेमी हो भन्ने विश्वासमा राख्ने छ । विश्वास भ्रम र भ्रम विस्वास..." मैले थपे । अनि एक केही क्षण हाँसे पनि । मैले फेरि भने, "मानिस केवल सत्यमा मात्र बाँच्न सक्दैन । उसले सत्यमा बाँचेको ठान्छ भने त्यो उसको बा कसैको भ्रम हो । मानिस धेरे किसिमका भ्रम पालेर बसेको हुन्छ । मेरो तपाइँसँग प्रेम छ भन्ने भ्रम भने सुखद भ्रम हुनेछ ।'' मैलै थपे, "मैले मेरो पत्नीलाई पत्नी भन्न भन्न सकेको छैन । उनीसँग विवाह भएदेखि नै उनीलाई पत्नीको रूपमा मैले स्वीकार्न सकेको छैन । यो पनि एक किसिमको मेरो भ्रम नै हो ।" केही क्षण हामी शान्त रहेऔ । शान्त रहेको क्षणमा नै प्रमिला मसँग छुट्टिन थालेको मैले देखे । केही क्षण पछि म पनि रत्न पार्कतिर लागे । प्रमिलासँग काठमाडौंमा भेट भएको दुई महिना भइसक्यो । म न्युयोर्क फर्केको पनि एक महिना भइसक्यो । यो बीचमा म धेरै पटक फेसबुकमा गएँ । प्रमिलाले मलाई ब्लक गर्ने हो कि जस्तो मलाई लागेको थियो । उनले फेसबुकमा मलाई ब्लक गरेको पाइन । मेरा पोस्टहरूमा उनले कमेन्ट नगरेता पनि लाइक भने गरेको पाएँ ।

***-समकालीन साहित्य डटकम***

निबन्ध — राजु झल्लु प्रसाद

## झरी निखिएछ

मैले यादै गरिनँ, झरी निखिएछ । भदौ महिनाले छाता बिसाइसकेछ । असोज महिनाले ज्येष्ठ, असार, साउन एवं भदौ महिनाका बलैंसीले कोट्याएर गएका पिँढीको छेउहरूको लिपपोत कार्य सुरु गरिसकेछ । ...हेहे..झरी निखिएछ । मैले यादै गरिनँ । एउटा वर्षको साह्रो सुन्दर ४ महिना फुत्तै हिँड्दिनु साह्रो मापाको कुरा हो । र, यी ४ महिनामा आफूले चाहिँ ४ थोक पनि गरी नभ्याउनु कम्ता गाह्रो कुरा होइन । गर्नु एउटा हुन्छ, गरिरहेको अर्को हुन्छु । यो अर्को मापाको काकताली हो । भन्नु एउटा हुन्छ, भनिरहेको अर्को हुन्छु । सुन्नु एउटा हुन्छ, सुनिरहेको अर्को हुन्छु । जानु एकातिर हुन्छ, गइरहेको अर्कैतिर हुन्छु । यो साह्रो खुलबिन्दाङ माहौल हो । र, यो वर्ष कसोकसो यसै भएछ । यस वर्षको झरी फुत्तै निखिएछ । २/४ लट पनि छाता खोल्न भ्याइएनछ । २/४ राउन्ड पनि दर्किरहेको झरीको आवाजलाई सुबिस्ताले सुन्न पाइएनछ । एउटा आदत नि..। अघिल्ला वर्षहरूमा यसो गरेकाले नि ! भन्नुस्, यस वर्षको झरीसँग सामान्य भलाकुसारी समेत हुन् नपाई झरी निखिएछ, यस कुराको मलाई सामान्य दुःख जस्तो महशुस छ । विगतका वर्षहरूदेखि म चाल पाउँदैथेँ, 'झरीका दिनहरूमा फदय थोरबहुत रमाइदिन्छ । किप्याडमा औंलाहरू पनि दौडिन्छन्, जो यसपछिका ठन्डी र त्यसपछिका रुक्खा दिनहरूमा क्रमशः कम हुन्छ । र, म बोध गर्छु, ज्येष्ठदेखि भदौसम्म साह्रो लेख्न सकिन्छ । यतिबेला खुरुरु लेख्न सकिन्छ । सायद म सक्छु । सक्दो रहेछु ! र, एउटा 'लेखियो' भन्ने खुसीजस्तो उफ्राइ पनि त फदयमा हुन्छ । र, यो उफ्राइ सबभन्दा मापाको उफ्राइ हो । वर्षमा एकचोटी यो उफ्राइ उफ्रिन पाइयो भने पुग्छ । तर, यो वर्ष हालसम्म त्यसरी उफ्रिन पाएको छैन ।

झरीमा दुई चार राम्रा कुरा छन् । अझ बढी होलान्, अहिले २/४ वटा सम्झिन खोजौं । पहिलो क्रुआ- मजस्ता लेख्नेहरूलाई एउटा गतिशील मन निर्माण भइरहन्छ । सिर्जनात्मक होइदिऊ भन्ने हो भने झरीमा 'झरी जत्तिकै' सिर्जनात्मक भइदिन सकिन्छ । नभइदिऊ भन्दा पनि भई गइन्छ । झरीको अर्को राम्रो कुरा के छ भने, ऊसँग एउटा अत्यन्त कोमल प्रवाह पनि छ । नदीनाला बगेका र जैविक विविधताका हरेक आयाम फस्टाएका, फुलेका देख्न/भेट्न सकिन्छ । मजस्ता डुलुवाहरूका लागि यो कम्ताको कुरा छैन । मानव नपुगेर सित्तैमा खेर गइरहेका देशका अनेकन् चोक्टाहरू चाक बिसाउनु र एउटा मिठो चिसो महसुस गर्न पाउनु साह्रो दामी कुरा हो । यस्ता चोक्टाहरू गएर चाक बिसाउनु भनेको मन बिसाउनु हो । मन बिसाउने ठाउँ भेटेपछि पुगेन त अनि ? मन जस्तो थकित जैविक वस्तुले विश्रामलीन हुन् पाएपछि/सकेपछि अरू के चाहियो ? झरीले अर्को कुरा चाहिँ, एउटा गर्भावस्था जस्तो स्थिति निर्माण गरिदिन्छ यसले । या अझ, बच्चा जन्मिएपछिको प्रथमाकालीन स्याहारसुसार जस्तो रैवैया देखाउँछ । झरीले यसो नगरिदिने हो भने देश साह्रो जब्बर र कठोर भइदिन्छ । ४ महिना पानी नपर्ने हो भने देशको आधाउधि विकास बजेट खर्च हुनै पाउँदैन । यो नहुँदा रेमिटेन्स कहाँ खर्च गर्ने ? विदेश पुगेर रगत-पसिना बेचिरहेका युवाहरूको मिहेनत कहाँ अवमूल्यन गर्ने ? खरी, यहाँ प्रशासन/ पद्धति/व्यवस्था वा सिद्धान्तको कुरा नगरी भन्दा पनि, मानव हुनुको जैविक भावावेग 'झरी कालखण्ड'मै हुर्किन्छ । र, देश भन्नु जम्मामा त्यहीँ मानव हुनुको भावावेगसँग गाँसिएको राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता, सांस्कृतिकता वा सामाजिकताका मसिना-मसिना गाँठाहरू न हुन् । गाँठाहरू एउटा निश्चित समयमा कसिनुपर्छ र फेरी फुकाइनुपर्छ । र, देशमा त्यो भइरहेको छैन । कि कसिएका छन्, कि फुकिएका छन् । दुई खेमा भयो । यसैले बित्यास पारिरहेको छ । कस्ने र फुकाउनेहरूको गाँठोमा जनता छन् । यो तेल निचोर्याइ साह्रो चर्को छ यार ! देशकै कुरा आइगो, गरौं । अरू छोड्दिउ ! देशले साह्रो लठभूत र बेइमान ब्युरोक्र्याटसलाई पालिरहेको छ । यी पाल्तुहरू साह्रो फाल्तु छन् । एक खेप एउटा पाल्तु मकहाँ आइपुग्यो र भन्यो, 'भाइ, एउटा रिसर्च पेपर छ । न्युज बनाउनुपर्‍यो ।' म फाल्तुले पनि भनिदिएँ, 'कस्तो रिसर्च हो ? कोठाबाटै कि फिल्डकै ?' उसले 'मिक्समाक्स' भन्यो । रिसर्च मागेँ र पढेँ । त्यो फाल्तुले के गरेछ भने १ वर्षअघि मरिसकेको मान्छेलाई २० दिन अगाडि भेटेछ र स्वर्गीय मान्छेलाई जिउँदो ठानेर खुइका खुई उसका कुरा उतारेछ । 'कस्तो फिल्डमा जानुभयो त हो ? हुँदै नभएको मान्छे तपाईंको रिसर्चमा छ ?' भनेर सोधेको थिएँ, ऊ भन्छ, "कसलाई थाहा हुन्छ ?" हो, कसैलाई थाहा हुँदैन ।

यस्ता फाल्तुहरूमध्येकै एउटा फाल्तुसँग साउनको महिनामा भेट भएको थियो । त्यो दिन झरी परेकाले यो कुरा प्रासंगिक हुन्छ सायद । उसले गरेको कम चाहिँ चरा गणना थियो । भन्थ्यो, '३ महिना लगाएर चरा गनेँ । यति चरा भेटेँ ।' फेरी भन्थ्यो, 'चरा बढेका छन् । अझ बर्खायाममा अण्डा पार्ने समय हुन्छ, यतिबेला रिसर्च गर्ने हो भने चरा अझ बढाउन सकिन्छ ।" म अचम्मित भए, "बढाउन सकिन्छ ?" मैले सोधेँ, "मैले के गर्नुपर्‍यो ?" ऊ भन्छ, "तैँले अण्डा गन्ने वातावरण बनाइदिनुपर्‍यो ।" म हाँसे । उसले भन्यो, "त्यो नसके, अण्डा गन्न आवश्यक छ भनिदिनुपर्‍यो ।" मैले भने, "संख्या कति पुर्‍याउनुपर्छ ?" ऊ भन्छ, "एक हजार पुग्यो भने संरक्षणको योजना अघि सार्न सकिन्छ । तर, त्यो भन्दा बढी हुनु हुँदैन । नत्र, रेड लिस्टबाट हट्छ ।" मैले बुझेँ, वास्तविक तथ्याङ्क उसलाई चाहिएको थिएन । उसलाई ठ्याक्कै एक हजार चाहिएको थियो । र, उसले एक हजार पुर्यायो ! चानचुन ३/४ हजार भएको चरालाई उसले १ हजारमा झार्यो ! किन झार्यो ! कसलाई थाहा हुन्छ ? कसैलाई हुँदैन । अर्को फाल्तु प्रशासनतिरको थियो । गर्‍यो के भने- एउटा गाउँमा फोहोरदानी वितरण गर्‍यो । कति गर्‍यो भन्दा २ हजार । गाउँमा मान्छे कति मान्छे थिए- १०० जना । कति घर थिए ?- छोडेका/बसेका र छोड्न खोजेका गरेर २०० चानचुन । अब प्रश्न आउँछ, उसले २ हजार फोहरदानी कसरी वितरण गर्‍यो ? कसरी गर्‍यो/गर्‍यो । कसैलाई थाहा छैन । तर, यो कसैले थाहा नपाउने काम गरेर उसले के पायो ? कसैलाई थाहा छैन । उसले एउटा एनजिओको प्रोजेक्ट डिरेक्ट गर्न पाएछ अहिले । यसैले गर्यो । र, हाल ऊ बालविवाह उन्मुक्तिको कुनै प्रोजेक्टमा जोडिएको छ । पक्का छ, उसले धादिङ वा गोरखाकै कुनै हिमाली भेगमा तम्बु गाँडेर बसिरहेको छ । र, त्यहाँ पनि उसले यहि काम गर्नेछ । र, दुर्भाग्य के छ, हामी पत्रकार वा विद्यार्थीहरू यस्ता मुलाहरूले ल्याएको तथ्यांकलाई आधार मानेर दिगो विकास र मानव सूचकांक वा कुल ग्राहस्थ उत्पादनका गफ छाटछौँ । म कहिलेकाही सोच्छु, "जनकलाल शर्मा, वा हर्क गुरुङ"का किताबहरू किन पढ्नु हो ? त्यसरी कसले पो काम गरेको छ र ? देशमा अध्ययन-अनुसन्धानको नाममा के चलिरहेछ छ, छ ! कसैलाई थाहा छ ? थाहा छ । तर, कसलाई थाहा हुन्छ ? अर्को एउटा फाल्तु भेट भयो । उसले एउटा भर्खर कृषितर्फको अधिकृत भएर गएकी अविवाहित महिलालाई प्रस्ताव राखेछ, 'तँ मसँग सुत्छेस् भने केन्द्रमै बस्लिस् । अन्यथा, दूर गाउँ जा । गइहाल् ।" अधिकृतले भनिछे, 'दूर गाउँ जान्छु ।" अनि ऊ ब्लु फिल्म मोबाइलमा बन्द समेत नगरी मसँग भन्दैथ्यो, "यसरी त यो महिला अधिकारले हामीलाई बित्यास पार्ने भो । हाकिमको कदरै छैन । एक रात सुतेकी भए जिन्दगी बनाइदिन्थे ।" उसका अनुसार, उसले लब नगरि, डेट नबसी ४/४ वर्ष लोकसेवा पढेर आफूलाई देशभक्तिका अर्पणमा गरेको र त्यसपछि देश सेवा गरेको उसले बुझ्न पर्दैन ? समकालीन महिला अधिकारले एउटा कोठाबाट ४/५ वर्ष हस्तमैथुन समेत नगरी हुर्किएको पुरुषसत्तालाई बुझ्नै खोजेको छैन । मैले उसलाई भने, 'म निस्कें किनभने उसले महिला अधिकार नै बुझेको छैन । र, उसले बुझ्ने वाला पनि छैन ।' मलाई डर छ, ऊ अझ कति वर्ष हाकिम भइरहने हो ? एउटा प्रदेशतिरको फाल्तु भेट भयो । ऊ तैबिसेक कम फाल्तु हो तर, उसले गर्न खोजेको काम गर्न सकेन । ऊ चाहन्थ्यो, एउटा परियोजनाको लागि सर्वप्रथम रिङरोड स्टाइलमा बाटो बनाऊ, त्यसपछि बाँकी पूर्वाधारको काम थालौँ । तर, ऊसँग सचिव चाहन्थ्यो, बाटो भन्दा पहिला खच्चडबाट सामान बोकाएर भवन निर्माणका लागि आवश्यक कच्चा पदार्थ माथि पुर्यायौं । त्यसपछि बाटो बनाऔँ । यसो गर्दा एउटा खच्चडको भारी बापत कमिसन भेटियो, सिधै बाटो बनाउँदा अलि कम आइपर्छ । सुरुमै बाटो बनाइदिने हो भने त्यो मुनाफा हुँदैन । र, प्रदेशको त्यो फाल्तु हाल सोही विवाद मिलाउन राजधानी छिरेको छ । ऊ भन्दैछ, 'केटा, त्यो सचिवलाई सरुवा गराउनुपर्नेछ । किनकि ऊ हुन्जेल मैले बाटो बनाउन पाउँदिनँ ।' म उसको कुरा सुनेर हाँसे, किनभने उनीहरू दुवैले खान जानेका थिएनन् । खुरुक्क न ल्याएर 'खच्चड राजमार्ग' बनाउन खोजेको भए कति आनन्द हुन्थ्यो ? विदेश जान नसकेका/नपाएका भारि बोक्ने खच्चडहरू चोकचोकमा कति छन्, कति ? जान्दैनन् केटाहरू ! अचम्म लाग्छ । अर्को एउटा थियो, पर्यटन क्षेत्रको । उसले चाहेको अलि महँगा टुरिस्ट देशमा ल्याऊ । तर, उसको फ्रस्टेसन हवाई फेयर र पृथ्वी हाइवेको निर्माणाधीन अवस्थासँग थियो । उसका महँगा टुरिस्ट यस्ता सस्ता रुटबाट आउँदैनन् । ऊ भन्छ, 'पर्यटन बोर्डले १/१ करोड भाग लगाएर बजेट पास गर्दैछ ।" र, त्यो १/१ करोड सस्ता टुरिस्ट र चलिरहेकै कुरालाई चलिरहन दिनका लागि खर्चिएको छ । तर, ऊ भन्दैन, त्यस्ता १/१ करोड कति वटा हो ? तर, उसको बुझाइ छ, ५० भन्दा कम हैन । सस्ता टुरिस्ट इन्डिया हुन्, तिनीहरू ट्रक मुनि भात पकाएर खाइदिन्छन् । ४ दिन नेपाल आउँदा एउटा सेन्डो वा ब्रसधरी किन्दैनन् । अनि बोर्ड भन्छ, 'कोरोनापछि पर्यटन संख्यामा क्रमिक सुधार ।" के आधारमा भन्छ ? तथ्यांकको आधारमा ? तथ्यांक कसले बनाएको ? भन्न हुँदैन । किनभने भनेर के हुन्छ ? एउटा अर्को छ, ऊ हो शिक्षक । तर, २/३ वटा गाउँपालिकातिर बुद्धिजीवी भई ख्याएको छ । उसलाई दुवैतिरबाट भत्ता आउँछ । र, ऊ भन्छ, "विद्यार्थीलाई हामीले इमानदारिता सिकाउन सकेनौँ । देश बरबाद भयो ।" एकदिन उसलाई भनेको थिएन, "सर, एउटा आर्टिकल लेख्नुपर्यो, जसले वर्तमान शैक्षिक अवस्थालाई व्यंग्य गरोस् ।' उसले फ्याट्टै भन्यो, "शिक्षामाथि व्यङ्ग्ग गर्नुहुँदैन ।" मैले पनि सोधिनँ, "किन सर ?" सोधेको भएँ उसले भन्ने थियो, "किनभने स्कुल क्षेत्रमा व्यंग निषेध छ ।" यस्ता प्रसंगहरू अनेक छन्, । र, मलाई हाँसो पनि उठ्दैन । रिस पनि उठ्दैन किनभने समाज शीर्षकको यस कथामा यस्ता पात्रहरू आवश्यक छन् । म त अझ चरित्र निर्माणकै क्रममै छु । विषयवस्तु चयनकै क्रममै छु । पृष्ठभूमि वा परिवेश निर्माणको क्रम अझ बाँकी छ । तर, मलाई दुःख के लाग्छ भने यस कथाको शीर्षक 'नेपाल' हो । र, मैले यो कथा तुर्दासम्म 'नेपाल नै नरहे के होला ? खैर, झरी निखिएछ । मैले यादै गरिनँ ।

***-साहित्यपोष्ट डटकम***

# छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु



**पाल्पा,** असोज १२/लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु भएको छ । प्रदेशको रुपन्देही र नवलपरासी पश्चिममा भएका छुट्टाछुट्टै घटनामा तीनको मृत्यु भएको हो ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देहीको सियारी गाउँपालिका–७ बनगाईका १८ वर्षीय राजेश यादवको करेन्ट लागेर बिहीबार राति मृत्यु भएको छ । आफ्नै घरमा रहेको मोटर मर्मत गर्ने क्रममा विद्युतीय तार सर्ट भई करेन्ट लागेर गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

यस्तै नवलपरासी पश्चिमको रामग्राम नगरपालिका–७ उजेनीका ३५ वर्षीय जय प्रकाश यादवको करेन्ट लागेर शुक्रबार बिहान मृत्यु भएको छ । आफ्नै घर अगाडि रहेको बिजुलीको पोलमा बालेको बत्ती निभाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै नवलपरासी पश्चिममै मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । यहाँको सुनवल नगरपालिका–४ स्थित सडकममा लु.३९ प ३५५७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बिहीबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार रामग्राम नगरपालिका–१४ पर्साबल बस्ने ३० वर्षीय हेम खवासको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल नवलपरासी पश्चिममा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । तीनै घटनाका विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# आजदेखि सोह्रश्राद्ध सुरू




**पाल्पा,** असोज १२/प्रत्येक वर्ष आश्विन कृष्ण पक्षदेखि सुरु हुने सोह्रश्राद्ध आजदेखि सुरु भएको छ । सोह्र दिनसम्म चल्ने यस श्राद्धलाई पितृ पक्ष पनि भनिन्छ । हिन्दू धर्मावलम्बीले यस अवधिमा आफ्ना दिवंगत पूर्खालाई तिथी मिलाएर तर्पण, पिण्डदान र ब्राह्मण भोजन गराउने गर्छन् । हाम्रो समाज पितृप्रधान रहेकाले मूल पुरुषको तिथीमा अन्य पूर्खालाई स्मरण गरी श्राद्ध गरिने परम्परा रहेको छ । एकतिष्ट, पार्वानी, महालयलगायत श्राद्ध प्रचलनमा छ । सोह्रश्राद्धलाई महालय पनि भनिन्छ । श्राद्ध भनेको दिवंगत आत्मालाई श्रद्धार्पण गर्ने काम हो । सोह्रश्राद्धको वैदिक संस्कृतिमा विशेष महत्व छ ।

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यो पक्षलाई पितृपक्ष एवं सोह्रश्राद्धसमेत भन्ने गरिएको हो । पितृपक्षको पहिलो दिन आज प्रतिपदा तिथि श्राद्ध गरिन्छ । चाडपर्व यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । पितृपक्षका बेलामा पितृलोकबाट दिवंगत पितृहरू पिण्ड, पानीको आसले मर्त्यलोकमा झर्छन् भनी धर्मशास्त्रका हेमाद्रि, वीरमित्रोदय, निर्णयसिन्धुलगायत ग्रन्थमा उल्लेख गरिएको छ । यस अवसरमा शास्त्रीय रूपमा दिइएका विकल्प अनुसारका कर्म नगरे पितृ सुस्केरा निकाली सन्तानलाई श्राप दिई फर्कन्छन् भन्ने वाक्य ती ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद्हरूको भनाइ छ । यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनुका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला मांगलिक कार्य गर्नु अगाडि नान्दीमुखी श्राद्ध, पितृको मृत तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्रश्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्रश्राद्धमा मृत्यु भएकाको सम्झनामा गरिने एक पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बद्रीको ब्रह्मकपाल तीर्थमा गरिने ब्रह्म कपाली जस्ता श्राद्धहरू प्रचलित रहेका छन् ।



### नेपाल विद्युत प्राधिकरण पाल्पा वितरण केन्द्रको अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्र अन्तर्गत तानसेन कार्यालयमा रहेको विद्युत महशुल संकलन काउन्टर को Main Server मा समस्या आएकोले मर्मतको लागि काठमाण्डौं लैजानु पर्ने भएको हुँदा यहि मिति २०८० असोज १२ गते शुक्रबार र २०८० असोज १४ गते आइतबारका दिनसम्म नेपाल विद्युत प्राधिकरण पाल्पा वितरण केन्द्र अन्तर्गतका तानसेन, हार्थोक र आर्यभञ्ज्याङ्गमा रहेका सम्पूर्ण विद्युत महशुल संकलन काउन्टरहरु बन्द रहने व्होरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै काउन्टर बन्द रहेको दिनसम्म ग्राहकले विद्युत महशुल भुक्तानी गर्न नसक्ने हुँदा काउन्टर खुलेको पहिलो दिन विद्युत महशुल भुक्तानी गरेमा काउन्टर बन्द रहेको समय अवधिसम्म विद्युत महशुल भुक्तानी गर्दा पाउने छुट सहित विद्युत महशुल भुक्तानी गर्न मिल्ने व्होरा समेत जानकारी गराइन्छ ।

नेपाल विद्युत प्राधिकरण
पाल्पा वितरण केन्द्र


खेलकुद समाचार

# नेपाली पब्जी टोली सेमिफाइनलमा



**काठमाडौं,** असोज १२/नेपाली पब्जी टोली १९ औं एसियाली खेलकुदको सेमिफाइनलमा पुगेको छ । चीनको हाङ्झाउमा चलिरहेको प्रतियोगिता अन्तर्गत ई-स्पोर्ट्सको पिस एलिस एसियन गेम्स भर्सन (पब्जी) मोबाइलमा नेपाली टोली सेमिफाइनलमा पुगेको हो ।

शुक्रबार भएको एलिमिनेसन राउन्डको समूह 'सी' मा दोस्रो हुँदै नेपाल सेमिफाइनलमा पुगेको हो । यो समूहबाट हङकङ पनि सेमिफाइनलमा पुगेको छ । हङकङ शीर्ष स्थानमा रह्यो । समूह 'सी'मा नेपाल, हङकङ, प्यालेस्टाइन र साउदी अरेबिया थिए । यस्तै समूह 'ए' बाट दक्षिण कोरिया र थाइल्यान्ड, समूह 'बी'बाट आयोजक चीन र चाइनिज ताइपेई तथा समूह 'डी' बाट जापान र इन्डोनेसिया सेमिफाइनलमा पुगेका छन् । अब सेमिफाइनलमा चार समूहका शीर्ष दुई टोलीबीच दुई समूहमा प्रतिस्पर्धा हुनेछ ।

सेमिफाइनलको दुवै समूहमा चार-चार टोलीबीच प्रतिस्पर्धा हुनेछ । यीमध्ये समूहका दुई टोली फाइनलमा पुग्नेछन् । फाइनलमा पनि चार टोलीबीच प्रतिस्पर्धा हुनेछ । जसमध्ये शीर्ष तीनमा रहने टोलीको पदक पक्का हुनेछ । पब्जीमा नेपालको खेलाडीमा कप्तान सुबिन महर्जन, दीपेश गुरुङ, सागर भण्डारी, समीर गुरुङ र संगिन भट्टराई छन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


कर्पोरेट/अर्थ समाचार

# पाल्पाको त्रिभूवन बहुमुखी क्याम्पसमा नेपाल बैंकको एक्सटेन्सन काउन्टर



**पाल्पा,** असोज १२/पाल्पाको तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा नेपाल बैंक लिमिटेडको एक्सटेन्सन काउन्टर स्थापना गरिएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले क्याम्पसलाई बुझाउनुपर्ने शुल्क संकलनको निमित्त बैंकले क्याम्पस परिसरमा उक्त एक्सटेन्सन काउन्टरको शुरुवात गरेको हो ।

तानसेन नगरपालिका–६ का वडा अध्यक्ष सागरमान महर्जन, क्याम्पस प्रमुख टंक भट्टराई र बैंकका लुम्बिनी प्रदेश प्रमुख सुशिल नेपालले संयुक्त रुपमा काउन्टर विधिवत उद्घाटन गरेका हुन् । काउन्टरको उद्घाटन गर्दै वडा अध्यक्ष सागर महर्जनले विद्यार्थीका लागि बैंकको काउन्टरले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । क्याम्पस प्रमुख टंक भट्टराईले पुरानो बैंकिङ्ग इतिहास र अनुभव भएको बैंकको एक्सटेन्सन काउन्टर क्याम्पस परिसरमा सञ्चालन भएकोमा सहर्ष धन्यवाद दिँदै बैंकको सेवा प्रवाहले विद्यार्थीहरुलाई शुल्क बुझाउने झनझटबाट मुक्त गराउने बताए । बैंकले प्रस्ताव गरेका विभिन्न डिजिटल लगायत बैंकिङ प्रडक्ट क्याम्पसले प्रयोग गरी लाभान्वित हुने समेत उनले बताए । बैंकका लुम्बिनी प्रदेश प्रमुख सुशिल नेपालले देशका विभिन्न भूगोल र क्षेत्रमा बैंकले आफुलाई उभ्याउँदै बैंकिङ सेवा दिने क्रममा यस क्याम्पसमा बैंकिङ्ग सेवाको लागि एक्सटेन्सन काउन्टर स्थापना गरेको बताए । नेपाल बैंक पाल्पा शाखाको मातहतमा रहनेगरी यो एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ ।

# गुल्मीको इन्द्रेगौंडामा ग्लोबलको एक्सटेन्सन काउन्टर



**गुल्मी,** असोज १२/गुल्मीको मुसीकोट नगरपालिका–५ स्थित इन्द्रेगौंडा बजारमा ग्लोबल आईएमई बैंक लिमिटेडले एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकले सेवाग्राहीको बढ्दो चाप र विस्तारित बैंकिङ सेवाको आवश्कतालाई मध्यनजर गर्दै ६६औं एक्सटेन्सन काउन्टरको रुपमा सञ्चालनमा ल्याएको हो ।

काउन्टरको मुसीकोट नगरपालिकाका नगर प्रमुख जीवलाल खरेल जीवनले एक औपचारिक कार्यक्रमका बिच उद्घाटन गरेका हुन् । काउन्टरको उद्घाटन गर्दै नगर प्रमुख खरेलले आर्थिक कारोबार अब बैंकमार्फत नै हुने भएकाले यस क्षेत्रका बासिन्दाहरूलाई सहज हुने विश्वास व्यक्त गरे । उनले बैंकिङ सेवाको पहुँच बाहिर रहेको यस क्षेत्र आसपास क्षेत्रका सेवाग्राही तथा उद्योग व्यवसायीहरूलाई बैंकिङ सुविधा सहज रुपमा उपलब्ध गराउनुपर्नेमा जोड दिए । ग्लोबल आईएमई बैंक वामी शाखाको मातहतमा रहनेगरी यो एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ । एक्सटेन्सन काउन्टरबाट निक्षेप संकलन गर्ने, नगद भुक्तानी गर्ने, मोबाइल तथा अनलाइन बैंकिङ सेवा दिने, रेमिट्यान्सको सुविधा प्रदान गर्ने लगायत सबै किसिमका साधारण बैंकिङ सेवाहरु उपलब्ध हुने बैंकले जनाएको छ । सोही अवसरमा बैंकले मुसीकोट नगरपालिका–५ वरपरका बासिन्दालाई लक्षित गरी डिजिटल बैंकिङ र रेमिट्यान्स सम्बन्धी वित्तीय साक्षरता कार्यक्रम समेत आयोजना गरेको थियो । एक्सटेन्सन काउन्टर मार्फत् सेवा र सञ्जाल विस्तार गर्ने बैंकको नीति अनुरुप बैंकले यसअघि पनि विभिन्न स्थानहरूमा एक्सटेन्सन काउन्टरहरू विस्तार गरिसकेको छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.प्र.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई